नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

**प्रस्ताव आह्वान सम्बन्धि विस्तृत जानकारी**

## परिचय

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ( नास्ट) को प्रविधि संकायले आ. व. २०७४/७५ का लागि ५ जना प्रतिभाशाली युवाहरुको पहिचान गरि उनिहरुका नविनता सहितको वैज्ञानिक प्रविधि विकाश गर्न सहकार्य गर्ने कार्यक्रम रहेको हुँदा सो प्रयोजनका लागी ४० वर्ष ननाघेका उत्साहि यूवाहरुले यो सुचना प्रकाशित भएको मितिले १४ दिन भित्र आफुले गर्न चाहेको परियोजनाको प्रस्ताव सहितको निवेदन यस प्रतिष्ठानको खुमलटार, ललितपुर स्थित केन्द्रिय कार्यालयमा दर्ता गराउनु हुन आह्वान गरिन्छ। उक्त प्रस्ताव ५ पृष्ठले नबढाई हुने पर्नेछ र प्रस्ताव सम्बन्धि ढाँचा तल उल्लेख गरिए अनुसार हुनु पर्नेछ। अनुसन्धान सम्बन्धि प्रस्तावहरु आम नेपालीहरुको समस्याहरुलाई सम्बोधन गरि समाधान दिने खालको हुनु पर्नेछ। छनौट भएका युवाहरुलाई बढीमा रू. १,००,०००/- (रुपयाँ एक लाख मात्र ) ले नबढाई ४ महिनाको कार्य अवधि दिइनेछ ।

यस कार्यक्रममा मुख्यत: अनुसन्धान तहमा उच्च शिक्षा हासिल गर्न नसकेका वा नगरेका प्रतिभावान युवाहरुलाई विशेष प्राथमिकता दिइनेछ। यस प्रतिष्ठानको तत सम्बन्धी कार्यविधि अनुसार छनौटमा परेका निवेदकहरुलाई मात्र अघिल्लो चरणमा सम्पर्क गरिनेछ।

## प्रस्तावको ढाँचा

निवेदकहरुले आफुले गर्ने कार्यको प्रस्तावको ढाँचा निम्न अनुसार हुने पर्नेछ। अन्यथा प्रस्ताव स्वत: खारेज हुनेछ।

1) आवरण पृष्ठ (Cover Page )
   आवरण पृष्ठमा आफुले गर्ने कार्यको शिर्षक, निवेदकको नाम, ठेगाना र सम्पर्क नम्बर स्पष्ट उल्लेख हुनु पर्नेछ। प्रस्तावको शिर्षक स्पष्ट, संक्षिप्त र आफुले गर्ने कार्यको प्रतिनिधित्व गर्ने खालको हुनु पर्नेछ ।
2) सार (Abstract)

आफुले गर्ने कार्यको लक्ष्य सहित प्रमुख गतिविधिहरू, अनुसन्धान दृष्टिकोण र प्रस्तावित अनुसन्धानको अपेक्षित परिणामहरूको संक्षिप्त र स्पष्ट सारांश।

3) परिचय (Introduction)

निम्न लिखित बुंदाहरु हुनु पर्नेछ:

- अनुसन्धान सम्बन्धि पृष्ठभुमि ( Research Background): समस्या सम्बन्धि पृष्ठभूमि ( Background of the problem ) उल्लेख गर्नु पर्नेछ।
- अनुसन्धान सम्बन्धि समस्या ( Research Problem): समस्याहरुको विवरण र परियोजनाको आवश्यकताको औचित्य बारेमा उल्लेख गर्नु पर्नेछ।
- अनुसन्धानको लक्ष्य (Research Objectives): अनुसन्धानको लक्ष्यहरु बुँदागत रुपमा स्पष्ठ उल्लेख गर्नु पर्नेछ।
- अनुसन्धानको महत्व (Significance of the Research): आम नेपालीहरुलाई अनुसन्धानले पुरयाउने फाइदा र योगदान सम्बन्धि उल्लेख गर्नु पर्नेछ।

4) सामग्री र विधि (Materials and Method)

आफुले गर्ने कार्यको बिस्तृत कार्यविधि, आवश्यक सामाग्रीहरु जस्तै उपकरण, मेसिन, सफ्टवेर र त्यसको लागि चाहिने बजेट बिस्तृत रुपमा उल्लेख गर्नु पर्नेछ। बजेट सम्बन्धि खण्डिकरण निम्न अनुसार हुनु पर्नेछ।

टेबल १: बजेटको बांडफांड

| क्र. स. | खर्चको विवरण | अनुमानित रकम ( रु.) |
|---|---|---|
| १. | आवश्यक उपकरण ( Instrument) खरिद खर्च | |
| २. | आवश्यक मेसिनरी (Machinery & Tools) खर्च | |
| ३. | निर्माण सामग्री (Construction Material) खर्च | |
| ४. | परिक्षण (Testing ) गर्नु पर्ने भए त्यसको खर्च | |
| ५. | बिशेष मेसिनिंग (Machining ) गर्नु पर्ने भए त्यसको खर्च | |
| | जम्मा (Total) रकम | |

5) अनुसन्धान योजना  (Research Plan)

आफ्नो अनुसन्धानको प्रमुख क्रियाकलापहरु (activities) लाइ सिलसिलेवार तरिकाले बुँदागत रुपमा उल्लेख गरि त्यसको समयावधि तोक्नु पर्नेछ। यो कार्यक्रमको अवधि ४

महिनाको मात्र हुनेछ। त्यसकारण प्रस्तावकहरुले ४ महिनाको समयावधि भित्र आफुले प्रस्ताव गरेको कार्य सम्पन्न गर्नु पर्नेछ ।

6) अपेक्षित परिणाम र निस्कर्ष (Anticipated Results and Conclusion)
प्रस्तावित अनुसन्धानको अपेक्षित परिणाम र निस्कर्ष उल्लेख गर्नु पर्नेछ।